

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❏ वर्ष २३ ❏ अङ्क १३८ ❏ श्रेणी क्षेत्रीय 'क' ❏ २०७९ जेठ २० गते शुक्रबार ❏ 3 June 2022 ❏ पृष्ठ ४ ❏ मूल्य रू. ५ ।-


## अधिकृतको सेवाकालीन पाठ्यक्रम तयार

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृत कर्मचारीका लागि सेवाकालीन तालिम पाठ्यक्रम तयार पारेको छ । उक्त पाठ्यक्रम परिषद्को चौथो बैठकले पारित गरेको छ।

परिषद् अध्यक्षसमेत रहनुभएका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा सम्पन्न बैठकले पाठ्यक्रम स्वीकृत गरेको हो । सहायकस्तरका लागि तालिम सञ्चालन हुँदै आए पनि अधिकृत तहका लागि भने प्रदेशमा पहिलोपटक पाठ्यक्रम तयार भएको हो । उक्त अवसरमा प्रतिष्ठानले तयार पारेको स्थानीय आर्थिक विकास प्रशिक्षण सामग्री मुख्यमन्त्री पोखरेलले विमोचन गर्नुभयो । प्रदेश र स्थानीय तहका कर्मचारी, निर्वाचित जनप्रतिनिधिलाई आवश्यक तालिम, अभिमुखीकरण गराउनेलगायत उद्देश्यबाट गठित



प्रतिष्ठानले सम्पादन गर्दै आएका कार्य प्रभावकारी भएको मुख्यमन्त्री पोखरेलले बताउनुभयो। सरकारको कामकार्बाहीलाईप्रभावकारीबनाउने जिम्मा कर्मचारी प्रशासनको भएकाले उनीहरूलाई चुस्त र सबल बनाउन नियमित प्रशिक्षण जरुरी रहेको बताउँदै उहाँले जिम्मेवारीमा आएका कर्मचारीको वृत्ति विकासका लागि समेत तालिम जरुरत पर्ने बताउनुभयो।

सङ्घीयतालाई मजबुत बनाउने नागरिकका अपेक्षा पूरा गर्न प्रदेश सरकार लागिपरेको उल्लेख गर्दै उहाँले स्थानीय तहसँगको समन्वयमा अझ प्रभावकारी काम गर्न सकिने बताउनुभयो । सातवटै प्रदेशमध्ये गण्डकीले पहिलोपटक अधिकृतका लागि सेवाकालीन तालिम पाठ्यक्रम तयार पारेको र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत यसलाई अनुमति दिइसकेको उहाँले बताउनुभयो । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले प्रदेश र स्थानीय तहका विभिन्न सेवामा कार्यरत सङ्घीय निजामती सेवाका राजपत्राङ्कित तृतीय श्रेणी तथा प्रदेश निजामती र स्थानीय सेवाका छैटौँ, सातौँ र आठौँ तहका अधिकृतका लागि सेवाकालीन तालिम सञ्चालन गर्न पाठ्यक्रम तयार पारिएको बताउनुभयो। पाठ्यक्रममा व्यक्तित्व विकास, कौशल, नेतृत्व र प्रबन्धकीय सीप, अनुसन्धान र नवीनतम ज्ञानका साथै सङ्घ, प्रदेश र स्थानीय तहमा निर्वाह गर्नुपर्ने जिम्मेवारी र भूमिकासँग सम्बन्धित विषयवस्तु समावेश रहेको उहाँको भनाइ छ। स्थानीय आर्थिक विकास स्थानीय तहको प्रमुख प्राथमिकताको विषय रहेको र सो कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन व्यावहारिक प्रशिक्षणको आवश्यकता रहेकाले प्रशिक्षकका लागि सहयोगी सामग्री तयार पारिएको उहाँले जानकारी दिनुभयो । उहाँले प्रतिष्ठानले हालसम्म गरेका कार्यप्रगतिका बारेमासमेत बैठकमा जानकारी गराउनुभयो । बैठकमा प्रदेशका नीति तथा योजना आयोग उपाध्यक्ष डा रघुराज काफ्ले, प्रमुख सचिव रवीलाल पन्थ, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाललगायत सहभागी हुनुहुन्थ्यो।

## अभिनेता शाहलाई थुनामै राख्न उच्च अदालतको आदेश

**पोखरापत्र संवाददाता**
**कास्की, १९ जेठ**

उच्च अदालत पोखराले अभिनेता पल शाहलाई पुर्पक्षका लागि थुनामै राख्न आदेश दिएको छ।

जिल्ला अदालत तनहुँ र नवलपुरले शाहलाई पुर्पक्षका लागि थुनामा पठाउने थुनछेक आदेशविरुद्ध उच्च अदालतमा शाहको तर्फबाट परेको निवेदनमा आज उच्चले सुनुवाइ गर्दै जिल्ला अदालतकै आदेशलाई सदर गर्ने फैसला गरेको हो।

न्यायाधीश उज्ज्वल शुक्ला र श्रीधराकुमारी पुडासैनीको संयुक्त इजलासले शाहलाई पुर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पोखराका उपरजिष्ट्रार एवं सूचना अधिकारी विष्णुप्रसाद आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रतिवादी पल शाहलाई मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी



तनहुँ जिल्ला अदालत र नवलपुर जिल्ला अदालतबाट भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन ।" अभिनेता शाह एक नाबालिग बलात्कार मुद्दामा तीन महिनादेखि जिल्ला कारागार तनहुँको थुनामा हुनुहुन्छ।

कारागार चलान गर्ने तनहुँ जिल्ला अदालतको फैसलाविरुद्ध शाहका वकिलले उच्च अदालतमा निवेदन दिनुभएको थियो । शाहलाई साधारण तारेखमा रिहा गर्नुपर्ने माग उहाँहरुको थियो। उच्च अदालतमा सुनुवाइमा निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता कमलामोहन वाग्ले, अधिवक्ता भानुभक्त सुवेदी, माधव घिमिरे, मिलनध्वज शाही र जगदीशचन्द्र पाण्डेले बहस गर्नुभएको थियो। यसैगरी सरकारका तर्फबाट उच्च सरकारी वकिलको कार्यालयका सहन्यायाधिवक्ता ईश्वरी ढकाल र उच्च सरकारी वकिल कार्यालयका सहायक न्यायाधिवक्ता अमृत सुवेदीले बहस गर्नुभएको थियो।

## पेट्रोल, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १० रुपैयाँले घट्यो

**रासस**
**काठमाठौं, १९ जेठ**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगमले बिहीबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु १० घटाएको हो । मूल्य घटेसँगै पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु १७०, डिजेल र मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु १५३ कामय भएको छ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट जनजीवन प्रभावित भएको भन्दै सरकारले तत्कालका लागि पूर्वाधार कर बराबरको रकम पेट्रोलियम पदार्थको खुद्रा मूल्यमा समायोजन गर्न निगमलाई निर्देशन दिएको थियो । खाना पकाउने एलपी ग्यास र हवाई इन्धन (आन्तरिक र अन्तर र्राष्ट्रिय)को मूल्य भने यथावत राखिएको निगमले जनाएको छ । हाल एलपी ग्यासको मूल्य प्रतिसिलिण्डर रु एक हजार ८००, हवाई इन्धन (आन्तरिक) को प्रतिलिटर रु १६६ र हवाई इन्धन (अन्तर्राष्ट्रिय) को मूल्य प्रतिलिटर एक रुपैयाँ ५४ पैसा अमेरिकी डलर छ।

## स्याङ्जाका स्थानीय तहलाई ४ अर्ब ६६ करोड २४ लाख विनियोजन

**प्रकाश डोटेल**
**स्याङ्जा, १९ जेठ**

सरकारले आगामी आर्थिक वर्षका लागि स्याङ्जाका ११ स्थानीय तहलाई ४ अर्ब ६६ करोड २४ लाख रुपैयाँ विनियोजन गरेको छ । आर्थिक वर्ष २०७९/८० को बजेट आईतबार सार्वजनिक गर्दै अर्थमन्त्री जनार्दन शर्माले जिल्लाका ११ स्थानीय तहलाई ४ अर्ब ६६ करोड २४ लाख रुपैयाँ विनियोजन गरेका हुन्।

जिल्लाका ११ स्थानीय तहका लागि ४ अर्ब ६६ करोड २४ लाख विनियोजित बजेटमा समानीकरण अनुदान तर्फ १ अर्ब २७ करोड १३ लाख रहेको छ भने सशर्त अनुदान अर्न्तगत ३ अर्ब ३ करोड ५३ लाख रहेको छ । समपूरक अनुदानमा १६ करोड ३० लाख र विशेष अनुदान तर्फ १९ करोड २८ लाख रहेको उल्लेख गरिएको छ। जिल्लाका ५ नगरपालिकालाई २ अर्ब ७० करोड १७ लाख र ६ गाउँपालिका तर्फ १ अर्ब ९६ करोड ७ लाख विनियोजन गरिएको छ। नगरपालिका तर्फ सबैभन्दा बढी पुतलीबजारलाई ६३ करोड १३ लाख रुपैयाँ विनियोजन गरिएको छ भने कम भीरकोटलाई ३९ करोड ७३ लाख विनियोजन गरिएको सार्वजनिक बजेटमा उल्लेख छ । पुतलीबजारलाई समानीकरण अनुदान तर्फ १५ करोड ९१ लाख, सशर्त अनुदान अन्तर्गत ४५ करोड ८२ लाख र समपुरक अनुदानमा १ करोड ४० लाख गरी ६३ करोड १३ लाख गरी ६३ करोड १३ लाख विनियोजन गरिएको छ। वालिङ नगरपालिकालाई ६२ करोड ५७ लाख विनियोजन गरेको छ । विनियोजित रकममा समानीकरण अनुदान तर्फ १७ करोड ३२ लाख, सशर्त अनुदान अन्तर्गत ४२ करोड २५ लाख, समपुरक अनुदानमा २ करोड २० लाख र विशेष अनुदान ८० लाख गरी ६२ करोड ५७ लाख विनियोजन गरिएको हो।

गल्याङ नगरपालिकालाई ५५ करोड ३२ लाख विनियोजन गरेको छ। विनियोजित बजेटमा समानीकरण अनुदान तर्फ १४ करोड २२ लाख, सशर्त अनुदान अन्तर्गत ३७ करोड १० लाख, समपूरक अनुदान २ करोड र विशेष अनुदानमा २ करोड रहेको छ । समानीकरण अनुदानमा ११ करोड ५४ लाख, सशर्त अनुदान तर्फ ३२ करोड ७४ लाख, समपूरक अनुदान २ करोड ५० लाख र विशेष अनुदानमा २ करोड गरी चापाकोट नगरपालिकालाई ४९ करोड ४२ लाख विनियोजन गरिएको छ।

अर्थ मन्त्रालयले भीरकोट नगरपालिकालाई ३९ करोड ७३ लाख विनियोजन गरेको छ। समानीकरण अनुदान तर्फ ११ करोड ५९ लाख, सशर्त अनुदान अन्तर्गत २६ करोड ३४ लाख, समपूरक अनुदानमा ८० लाख र विशेष अनुदान १ करोड गरी ३९ करोड ७३ लाख विनियोजन गरिएको हो।

त्यसैगरी जिल्लाका ६ गाउँपालिका मध्ये कालीगण्डकीलाई ३८ करोड ४० लाख विनियोजन गरिएको बजेटमा समानीकरण अनुदान तर्फ १० करोड ९३ लाख, सशर्त अनुदान अन्तर्गत २३ करोड ४७ लाख, समपूरक अनुदान २ करोड र विशेष अनुदान २ करोड रहेको छ। समानीकरण अनुदान तर्फ ९ करोड ३२ लाख, सशर्त अनुदान अन्तर्गत २२ करोड ४, समपूरक अनुदानमा १ करोड ५० लाख र विशेष अनुदान २ करोड ५० लाख गरी आँधीखोला गाउँपालिकालाई ३५ करोड ३६ लाख बजेट विनियोजन गरिएको बताइएको छ । विरुवा गाउँपालिकालाई ३३ करोड ६० लाख विनियोजन भएको छ। समानीकरण अनुदानमा ९ करोड ६४ लाख, सशर्त अनुदान तर्फ २२ करोड ६ लाख, समपूरक अनुदानमा ९० लाख र समपूरक अनुदानमा १ करोड गरी ३३ करोड ६० लाख विनियोजन गरिएको हो।

समानीकरण अनुदान तर्फ ९ करोड ३३ लाख, सशर्त अनुदान अन्तर्गत १७ करोड १९, समपूरक अनुदानमा १ करोड ६० लाख र विशेष अनुदानमा २ करोड ४९ लाख गरी हरिनाश गाउँपालिकालाई ३० करोड ६१ लाख विनियोजन गरिएको बजेटमा उल्लेख छ।

अर्जुनचौपारीगाउँपालिकालाई ३० करोड ४९ लाख विनियोजन भएको छ। समानीकरण अनुदान थर्फ ९ करोड ४ लाख, सशर्त अनुदान अन्तर्गत १८ करोड ४५, समपुरक अनुदान ७० लाख र विशेष अनुदानमा २ करोड ३० लाख विनियोजन भएको छ । समानीकरण अनुदान तर्फ ८ करोड २९ लाख, सशर्त अनुदान अन्तर्गत १६ करोड ७ लाख, समपूरक अनुदानमा ७० लाख र विशेष अनुदान २ करोड ५५ लाख गरी फेदीखोला गाउँपालिकालाई २७ करोड ६१ लाख विनियोजित बजेटमा समाबेश गरिएको छ।

गाउँपालिकामा सबैभन्दा बढी कालीगण्डकीलाई ३८ करोड ४० लाख रुपैयाँ छ भने कम फेदीखोलालाई २७ करोड ६१ लाख विनियोजन गरिएको छ। चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि ३१ करोड ४८ लाख बजेट बढि विनियोजन गरिएको छ । संघीय सरकारले बजेट विनियोजन गरेसँगै जिल्लाका स्थानीय पालिकाहरु आगामी आर्थिक वर्षका लागि आन्तरिक रुपमा बजेटको तयारीमा जुटेका छन्।

## पोखरा महानगरको कार्यपालिकामा पूर्णता

**पोखरापत्र संवाददाता**
**कास्की, १९ जेठ**

स्थानीय तह सदस्य निर्वाचनअन्तर्गत पोखरा महानगरपालिकामा नगर कार्यपालिकाले पूर्णता पाएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यायलयले बुधबार महिला र दलित तथा अल्पसङ्ख्यकका लागि मतदानमार्फत सदस्य चयन गरेको हो। यससँगै महानगरको ४३ सदस्यीय कार्यपालिकाले पूर्णता प्राप्त गरेको छ। मतदानमा महिला पाँच र दलित वा अल्पसङ्ख्यक तीन गरी आठ सदस्यका लागि भएको निर्वाचनमा सबै पदमा नेकपा (एमाले)का उम्मेदवार विजयी भएका हुन् । महिला सदस्यमा एमालेका धनकुमारी पोखरेल, निर्मला पौडेल, भीमकुमारी पुन गर्बुजा, मन्दिरा परियार र हरिमाया विश्वकर्मा निर्वाचित हुनुभयो। उहाँहरूले सबैले समान ८६ मत प्राप्त गर्नुभयो । यसैगरी दलित वा अल्पसङ्ख्यकमा एमालेका गोविन्द तुलाचन, दीपक घिमिरे र निर्मल दियाली निर्वाचित हुनुभयो। तुलाचन र घिमिरेले समान ८६ मत ल्याउँदा दियाली ८७ मत प्राप्त गर्नुभयो । गत वैशाख ३० गतेको स्थानीय तह निर्वाचनमा महानगरमा १६७ जनप्रतिनिधि निर्वाचित भएका छन् । कार्यपालिकामा ४३ सदस्य रहनेमा एमालेका १८ र नेपाली कांग्रेसका २३, एकीकृत समाजवादी र स्वतन्त्रबाट एक/एकजना रहने भएका छन् । स्थानीय तह निर्वाचनमा कांग्रेसले २३ र एमालेले नौ वडामा जित हासिल गरेको थियो । महानगरमा एमालेले ८६, नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)बाट गरी ८१ जना सदस्य जनप्रतिनिधि निर्वाचित भएका थिए । यसैबीच कास्की जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचन जेठ २० गतेका लागि तोकिएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयले समन्वय समितिको निर्वाचन गर्न कार्यतालिका सार्वजनिक गरेको छ। जेठ १९ गते मतदाता नामावली प्रकाशन, मतदाताको विरोधमा उजुरी दिने र अन्तिम नामावली प्रकाशनको कार्यतालिका छ। जेठ २० गते उम्मेदवारको मनोनयन दर्ता र मतदान तोकिएको मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले जानकारी दिनुभयो।

जिल्ला समन्वय समितिको निर्वाचनमा स्थानीय तहका प्रमुख र उपप्रमुख मतदाता रहनेछन् । जिल्लाका पाँच स्थानीय तहबाट गरी १० जना मतदाता छन्।




# पर्वतका सातवटै स्थानीय तहको कार्यपालिका निर्वाचनमा एमाले विजयी

**पोखरापत्र संवाददाता**
**पर्वत, १९ जेठ**

जिल्लाका स्थानीय तहको कार्यपालिका निर्वाचनमा नेकपा(एमाले) विजयी भएको छ । सात स्थानीय तहमध्ये दुई पालिकामा प्रमुख र पाँच उपप्रमुखसहित ३३ वडाध्यक्ष जितेको उक्त दलले सबै स्थानीय तहका कार्यपालिकाअन्तर्गत भएको निर्वाचनमा विजयी भएको हो ।

उपप्रमुख मात्र जितेको कुस्मा नगरपालिकामा एमालेबाट दलित तथा अल्पसङ्ख्यकतर्फ शिवलाल सार्की, गोपाल विश्वकर्मा, लखन सुनार, खुल्ला महिलातर्फ दुर्गा कुमारी शर्मा, सविता विक, रीताकुमारी विक, सुधा गुरुङ र विन्दुकुमारी पौडेल निर्वाचित हुनुभएको छ ।

त्यस्तै प्रमुख र उपप्रमुख हारेको फलेवास नगरपालिकामा महिलातर्फ दुर्गा शर्मा, भगवती पौडेल, सावित्रा शर्मा, सुनिता शर्मा, कला नेपाली र खुल्ला दलित तथा अल्पसङ्ख्यक तर्फबाट नेत्र विश्वकर्मा, बाबुराम विश्वकर्मा र चन्द्रबहादुर नेपाली एमालेबाट कार्यपालिकामा निर्वाचित हुँदा एकल बहुमत भएको छ ।

त्यस्तै पैंयू गाउँपालिकामा महिलातर्फ शर्मिला नेपाली, चन्द्रकला न्यौपाने, उमादेवी विक, मिठु क्षेत्री र दलित तथा अल्पसङ्ख्यकतर्फ फुलमाया विक र बबिता हिताङ निर्वाचित हुनुभएको छ । महाशिला गाउँपालिकामा खुल्लातर्फ विष्णुराम विक, झलक नेपाली र महिला, दलित तथा अल्पसङ्ख्यकतर्फ जयकली मल्ल, निरु नेपाली, हुमकुमारी पौडेल क्षेत्री र गीता विक निर्वाचित हुनुभएको हो ।

जलजला गाउँपालिकामा खुल्लातर्फ बबी सुवेदी, मायाकुमारी भुसाल, सुनिता खत्री, विमला बरुवाल खत्री र दलित तथा अल्पङ्ख्यकमा भीमबहादुर दमै र भीमसेनबहादुर बराइली निर्वाचित हुनुभएको छ भने मोदी गाउँपालिकामा महिलातर्फ लक्ष्मी विक, कृष्णकुमारी मल्ल, शान्ता आले र सन्तोषी विक तथा दलित तथा अल्पसङ्ख्यकतर्फ रीता सुनार विक र डिलमाया नेपाली निर्वाचित हुनुभएको छ ।

विहादी गाउँपालिकामा महिलातर्फ माया विक र तुलसी सुनार तथा दलित तथा अल्पसङ्ख्यकतर्फ यामकला नेपाली, कमला कुमारी परियार, सविता गुरुङ, विष्णु भुसाल निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ । जिल्लाका कुनै पनि पालिकाको कार्यपालिका निर्वाचनमा गठबन्धनका उम्मेदवारले जित्न सकेनन् ।

स्थानीय चुनावमा निर्वाचित ३१९ जनप्रतिनिधिमध्ये एमाले २०६, कांग्रेस ८६, माओवादी २२ र अन्य स्वतन्त्र र साना दलले जितेका थिए ।

# नौलोघुम्तीको अभिभावकत्वमा कोरोना खोप लगाइयो

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**



कास्की जिल्लामा वसोवास गर्ने नागरिकता वा अन्य कुनै परिचय खुल्ने पत्र नभएका व्यक्तिहरुलाई नौलोघुम्ती नेपालले अभिभावकत्व प्रदान गर्दै कोरोना खोप लगाईएको छ ।

नौलो घुम्ती नेपालको आयोजना तथा प्राबिधिक सहयोग कम्युनिटि सपोर्ट ग्रुपको कार्यालय ढिकालेथरमा भएको खोप कार्यक्रममा १८ बर्ष देखि ६५ वर्ष उमेर सम्मका सर्वसाधारणले फाइजर, मोड्र्ना, जोनसन, कोभिसिल्ड, एस्ट्रजेनिका खोप लगाएका छन् । कम्युनिटी सपोर्ट ग्रुप (सिएसजि) का सचिव मनोज गुरुङले राज्यले एचआईभी संक्रमितहरुको लागि सम्बोधन नभएको बेलादेखि नै आवाज उठाउदै आएको वताए ।

पहिलो चरणमा ४१० जना र दोस्रो चरणमा ४१० जनाले खोप लगाएकामा विहिबार र शुक्रबार २ दिन सम्म संचालन हुने खोप कार्यक्रममा वढ्न सक्ने नौलोघुम्ती नेपालकी कास्की जिल्लाको कोभिड १९ सेस्पोन्स प्रोग्राम अफिसर रुविना अधिकारीले वताइन् । तेश्रो चरणको कार्यक्रममा पहिलो डोज खोप पनि नलगाएका व्यक्तिहरु पनि आउन थालेकोले वढ्न सक्ने उनको भनाई थियो । जिल्ला स्वास्थ्य कार्यलय कास्की, पोखरा महानगर स्वास्थ महाशाखा, एआरटी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, कम्युनिटी सपोर्ट ग्रुप, स्टार चिल्ड्रेन, महिला मञ्च कास्कीको समन्वयमा एचआईभी रोग प्रतिरोधात्मक औषधी प्रयोग गरिरहेका र हालसम्म पनि कोरोना विरुद्धको खोप नलगाएकाहरुलाई विहिबार तेश्रो चरणको खोप लगाइएको छ ।

सो कार्यक्रममा जिल्ला स्वास्थ कार्यलयका शान्ता बास्तोला र हुमा ढकाल, नौलो घुम्ती नेपालका रुबिना अधिकारी र तेजेन्द्र महत, कम्युनिटी सपोर्ट ग्रुप (सिएसजी) का इश्वरी तिमिल्सिना, नवीन कुमार रावत, हरिमाया गुरुङ र सुकु परियारले सहजीकरण गरेका थिए ।

# तनहुँका आठ पालिकामा कार्यपालिकाले पूर्णता पायो

**पोखरापत्र संवाददाता**
**तनहुँ, १९ जेठ**

तनहुँका १० स्थानीय तहमध्ये आठ स्थानीय तहमा कार्यपालिकाले पूर्णता पाएको छ ।

स्थानीय तह निर्वाचनअन्तर्गत जिल्लाका आठ पालिकामा कार्यपालिकाले पूर्णता पाएको हो । व्यास नगरपालिका र शुक्लागण्डकी नगरपालिकामा कार्यपालिका सदस्य चयन हुन बाँकी छ ।

बिहीबार मात्रै भानु नगरपालिकाको कार्यपालिका सदस्य निर्वाचित भएका छन् । कार्यपालिकामा नेपाली कांग्रेसका सात र नेकपा (एकीकृत समाजवादी)का एक जना निर्वाचित भएका छन् । स्थानीय तह निर्वाचनमा सत्तारुढ दलबीच गठबन्धन नभए पनि कार्यपालिका सदस्यमा भने एकीकृत समाजवादीले पनि भाग पाएको छ । दलित/अल्पसङ्ख्यकतर्फ एकीकृत समाजवादीबाट राजु सुर्खाली कार्यपालिका सदस्यमा निर्वाचित हुनुभएको छ । कांग्रेसबाट रविन भुजेल र धनबहादुर विक निर्वाचित हुनुभएको छ । निर्वाचित वडा सदस्यबाट महिलातर्फ वृन्दा रानाभाट, प्रविना थापा, सावित्रा सुनार, सकिना खातुन र शान्ता लम्साल निर्वाचित हुनुभएको छ । भिमाद नगरपालिका, देवघाट गाउँपालिका, आँबुखैरेनी गाउँपालिका,बन्दीपुरगाउँपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिकामा कार्यपालिकाले पूर्णता पाइसकेको छ ।

कार्यपालिकाले पूर्णता पाएकामध्ये भानु, देवघाट, म्याग्दे, ऋषिङमा कांग्रेसको बहुमत पुगेको छ भने बन्दीपुरमा कांग्रेस र नेकपा (माओवादी केन्द्र)को गठबन्धनको बहुमत पुगेको छ । भिमाद र घिरिङमा नेकपा (एमाले)को तथा आँबुखैरेनीमा नेकपा (माओवादी केन्द्र)को एकल बहुमत पुगेको छ ।

व्यास नगरपालिकाको कार्यपालिका चुनावका लागि भने कार्यतालिका प्रकाशित भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले कार्यपालिका सदस्य निर्वाचनका लागि कार्यतालिका प्रकाशित गरेको हो । तालिका अनुसार यही जेठ २१ गते मनोनयन र २५ गते मतदानको कार्यतालिका रहेको छ ।

# लामाचौरमा नेवारी भाषा प्रशिक्षण कार्यक्रम आयोजना

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**



गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोगमा पोखराको लामाचौरमा नेवारी भाषा प्रशिक्षण कार्यक्रम आयोजना भएको छ ।

प्रशिक्षण कार्यक्रमको उद्घाटन शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश, पोखराका सचिव देवेन्द्र लामिछानेले गर्नुभयो । शुभारम्भ कार्यक्रममा बोल्दै सचिव लामिछानेले गण्डकी प्रज्ञा प्रतिष्ठानले विभिन्न जातीको मातृभाषा संरक्षणको लागि प्रशिक्षण कार्यक्रम आयोजना गर्न सहयोग गरेकोमा प्रशंसा गर्नुभयो । मातृभाषा संरक्षणका लागि यस्ता कार्यक्रम फलदायी बन्ने उहाँको विश्वास छ । लामाचौर नेवाः खलः गुठीका अध्यक्ष राम प्रसाद क्षेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर १९ का अध्यक्ष पुष्पेन्द्र पाण्डे, नेवाः खलः कास्कीका अध्यक्ष अशोक पालिखे, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले आफ्ना भनाइ राख्नुभएको थियो । नेवारी भाषा प्रशिक्षण कार्यक्रमको प्रशिक्षकमा विक्रम उदास र मधुसुदन जोशी रहनुभएको छ ।

नेवाः खलः कास्की र नेवाः ल्याम्हं पुचः कास्कीको आव्हान तथा लामाचौर नेवाः खलः गुठीको आयोजनामा सुरु भएको प्रशिक्षण कार्यक्रम एक महिनासम्म सञ्चालन हुनेछ । प्रशिक्षण कार्यक्रममा १० वर्ष देखि माथीको उमेर समुहका २५ जना प्रशिक्षार्थीको सहभागीता रहेको छ ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोगमा स्थापित जाती विस्तापित भाषा नाम दिएर यो प्रशिक्षण कार्यक्रम आयोजना भईरहेको छ। जस अनुसार तामाङ, र दुरा भाषाको प्रशिक्षण कार्यक्रम सम्पन्न भइसकेको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले बताउनुभयो । नेवारी भाषा प्रशिक्षण कार्यक्रम भने दोस्रोपटक हुन लागेको हो । यसअगाडि नेवाः खलः पृथ्वीचोको आयोजनामा नेवारी भाषा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो । यसैगरी यहीं जेठ २२ गतेबाट गुरुङ भाषाको प्रशिक्षण कार्यक्रम पोखरामा सुरु गरिने गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङले जानकारी दिनुभयो । प्रतिष्ठानले साहित्यका सबै विधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्द्धन गर्न निरन्तर कार्य गर्ने उपकुलपति गुरुङको भनाई छ । आगामी आर्थिक वर्षमा समेत मातृभाषा प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिने योजना गण्डकी प्रज्ञा प्रतिष्ठानले बनाएको छ ।

# दमौलीको सौन्दर्यकरणलाई हरियाली पार्क आवश्यक : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १९ जेठ**



नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले व्यास नगरपालिका-३ स्थित बिपी वनबाटिकामा निर्माणाधीन अवस्थामा रहेको सभागृहको बिहीबार निरीक्षण गर्नुभएको छ ।

शहरी विकास तथा भवन निर्माण विभाग सङ्घीय आयोजना कार्यान्वयन इकाइमार्फत निर्माण भइरहेको सभागृहको वरिष्ठ नेता पौडेलले निरीक्षण गर्नुभएको हो । वरिष्ठ नेता पौडेलले सभागृहको निरीक्षण गर्दै हालसम्मको प्रगतिबारे जानकारी लिनुभएको छ । वरिष्ठ नेता पौडेलले सभागृह आसपास रहेको खाली जग्गामा उद्यान निर्माणका लागि चासो व्यक्त गर्नुभएको छ । सभागृहको बाहिरपट्टि रहेको ठाउँमा हरियाली उद्यान, चिल्ड्रेन पार्कलगायतका संरचना निर्माण गर्नुपर्नेमा पौडेलले जोड दिनुभयो । “दमौलीको सौन्दर्यकरणका लागि पनि हरियाली पार्क आवश्यक छ, प्रशासन कार्यालयको पुरानो भवन भत्काएर पानीको फोहोरासहितको पार्क बनाउनुपर्छ”, पौडेलले भन्नुभयो । डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले सभागृह बाहिरको ठाउँमा वृक्षरोपणका लागि वन कार्यालयले सहयोग गर्ने बताउनुभयो । निरीक्षणमा प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल, जिल्ला समन्वय समितिका निवर्तमान प्रमुख शान्तिरमण वाग्लेलगायत सहभागी हुनुहुन्थ्यो । विसं २०७४ माघ २८ गतेदेखि निर्माण सुरु भएको भवन कोरोना कहरका कारण ढिलाइ भएको थियो । विसं २०७७ असार १५ गतेभित्र सम्पन्न गर्नुपर्ने उक्त भवन कोरोनाको चपेटामा परेको थियो । भ्याटबाहेक रु २३ करोड ६२ लाख ४३ हजार ३३१ रुपैयाँको लागतमा भवन निर्माण भएको थियो । सभाहल निर्माण सम्पन्न भएको मितिदेखि एक वर्षसम्म मर्मतसम्भारको अवधि राखिएको छ । ७५० जना क्षमता भएको सभाहलको बेस ग्राउण्डमा २० वटा कार तथा ७० वटा मोटरसाइकल पार्किङ गर्न सकिनेछ । उक्त भवनमा मुख्य सभाहलबाहेक १५० जना क्षमताको सेमिनार हल निर्माण हुनेछ । सभाहल बाहिर फाउण्टेनसहितको भिआइपी पार्किङस्थलसमेत रहनेछ । सभाहल ५३ मिटर लम्बाइ, १५ उचाइ र २५.५ चौडाइको हुनेछ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

जेष्ठ २१ गते
4th Jun

कपालको नि:शुल्क परिक्षण
कपाल सम्बन्धी विज्ञ डाक्टरबाट

आत्याधुनिक जापानीज हेयर एनालाइजर मेशिनबाट कपालको परिक्षण गरिने भएकोले कपाल सम्बन्धि कुनै पनि समस्या भएका इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला ।



- कपाल झर्ने,
- कपाल समय अगाडी नै झर्ने
- कपाल पातलो
- चाया
- घुर्मको भएको अगाडिबाट झरेको,
- कपाल समय अगावै फुल्ने
- चिलाउने कपाल छोटो
- फुस्रो भएको

परिक्षण समय: विहान ९ बजेबाट ४ बजेसम्म

कपाल राम्रो, सुन्दर, लामो बाक्लो बनाउनको लागि सम्पर्क राख्नुहोला ।

फोनबाट नाम दर्ता गर्न सकिने

आरोग्यम छाला, कपाल तथा यौन रोग उपचार केन्द्र
AROGYAM SKIN CARE, LASER AND HAIR TRANSPLANT CENTRE
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै
०६१-४३२२४२, ४३०४०७, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# एमालेमा हुर्केको गलत संस्कृति

स्थानीय तहको निर्वाचनमा पाँच दलीय गठबन्धनसंग प्रतिस्पर्धा गरेको नेकपा एमाले लोकप्रिय मत धेरै पाएपनि सिटमा दोस्रो भएको छ । निर्वाचनको माहौल एमालेको पक्षमा देखिएको थियो । निर्वाचनको अन्तिममा सत्ता गठबन्धनले चालेको रणनीति नबुझेर धेरैले पालिका प्रमुख गुमाउनु परेको छाविगतका निर्वाचनमा काङ्ग्रेसमा हुने धन्दा एमालेमा सरेका छाएमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्रैको अन्तर्घातका कारण स्थानीय तह निर्वाचनमा अपेक्षाकृत नतिजा हासिल गर्न नसकेको बताएका छन् ।

जनसंगठन समन्वय संयन्त्रको बैठकमा अध्यक्ष ओलीले जनताले एमालेलाई मत दिएर पहिलो पार्टी बनाएको दाबी गर्दै पार्टीभित्रै अनुशासनहीनताका कारण केही पालिकामा पराजय भोग्नुपरेको स्वीकारेका छन । 'जनताले नेकपा (एमाले) लाई माया गरेका छन्। लोकप्रिय पहिलो मत पनि दिएका छन्,'। उमेदवार बनाउँदा धेरै पक्षमा नसोधी उमेदवार लाद्को परिणति पनि हो ।, 'तर, समस्या एमाले भित्रै देखिएको छा आफ्नै पार्टीभित्र एउटाले अर्कालाई हराउन खोज्दा दुबैले हार्ने स्थिति बन्यो । नेताहरूबीच मेल भएन, टिम स्पिरिट भएन भने गन्तव्यमा पुग्न सकिदैन ।

पार्टीलाई आफ्नै नेताहरूबाट कसरी बचाउने भन्ने चुनौती थपिएको ओलीको भनाइले । 'पार्टीमा अनुशासनहीनता, अराजकता र निष्ठामा न्यूनताजस्ता समस्याहरु देखा परेको देखाउँदा । यो एमालेको लागि चिन्ताको कुरा हो । यस्ता प्रवृत्ति एमाले पार्टीमा छन् एमालेले चिन्न नसकेको चर्चा गर्नु हाम्रो लागि सुखद कुरा होइन ।, 'चुनावमै हेर्नें हो भने ६ वटा भोट सूर्यमा छ। एउटा भोट रुख र एउटा हँसिया हतौडामा छ। यो त अनुशासनहीनता हो। यसलाई नियन्त्रण गर्नुपर्छ ।'

केही प्राविधिक कारण, पार्टीभित्रको समस्या र सत्ता गठबन्धनका कारण पालिकाको संख्या अपेक्षाकृत पुऱ्याउन नसकिएको दोहोऱ्याउँदै ओलीले थपे, 'आउँदो निर्वाचनमा हामी बीचमा रहेका सबै कमीकमजोरीहरुलाई सच्याएर जानुपर्छ । कार्यकर्ता पंक्तिलाई एकढिक्का बनाएर जानुपर्छ ।' बैठकमा ओलीले २२ वटा जनसंगठन प्रमुखलाई वडा तहमै संगठन बनाउन र आगामी निर्वाचनको तयारीमा लाग्न निर्देशन दिएका थिए । अध्यक्ष ओलीले सरकारले ल्याएको आर्थिक वर्ष २०७९/०८० को बजेटमा पनि आपत्ति जनाए ।

एमालेले खनेको विकासको जग भत्काउने काम बजेटले गरेको उनको आरोप थियो । 'हामीले विकासका जे जे जगहरु खनेका थियौं त्यसलाई भत्काउने कामबाहेक सरकारले बजेटमार्फत कुनै पनि नयाँ काम र कार्यक्रम गर्न सकेको छैन । यो देशका लागि दुखद कुरा हो,' ओलीले भने, 'बजेटमा नीतिगत रुपमा ठूल्ठूला भ्रष्टाचारहरु गरिएको छ । वितण्डाहरु मच्चाइएको छ । हामीले बनाएको विकासको जग सबै भत्काइएको छ ।'


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : व्यापारमा लाभ | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# निःशुल्क आँखा शिविरबाट ३०० लाभान्वित

**पोखरापत्र संवाददाता**
**बेनी, १९ जेठ**

म्याग्दीका बेनी नगरपालिका-५ पुलाचौरको पुरुण्डीमा आयोजित निःशुल्क आँखा शिविरबाट ३०० भन्दा बढी लाभान्वित भएका छन् ।

म्याग्दी जेसीजको २४औं स्थापना दिवसका अवसरमा शिविर आयोजना गरिएको हो । म्याग्दी जेसीजका कार्यकारीणी उपाध्यक्ष कुमार बानियाँका अनुसार शिविरमा आँखाका विभिन्न रोगको पहिचानपछि बिरामीलाई निःशुल्क औषधि तथा १०५ जनालाई चस्मा वितरण गरिएको थियो । शिविरमा नेत्र ज्योति सङ्घ म्याग्दीका नेत्र अधिकृत दिनेश बानियाँ नेतृत्वको स्वास्थ्यकर्मीको टोलीले आँखा परीक्षण गरेको थियो ।

शिविरमा १० जनामा मोतियाबिन्दुको समस्या पहिचान भएकाले उनीहरुको निःशुल्क शल्यक्रियासहितको उपचारको प्रबन्ध गरिने म्याग्दी जेसीजका शाखा अध्यक्ष सन्दीप खत्रीले बताउनुभयो । म्याग्दी जेसीजको आयोजना, नेपाल रेडक्रस सोसाइटी पुलाचौर शाखाको सह-आयोजना तथा नेपाल नेत्र ज्योति सङ्घ म्याग्दीको प्राविधिक सहयोगमा सञ्चालन भएको उक्त शिविरबाट वृद्धवृद्धा बढी लाभान्वित बनेका छन् ।

# मुक्तिनाथलाई भेटी अब बैंक खातामा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ जेठ**

हिमालपारीको जिल्ला मुस्ताङमा रहेको प्रसिद्ध मुक्तिनाथ मन्दिरमा बैंक खातामा भेटी दान जम्मा गर्न सकिने भएको छ । प्रभु बैंकले क्यूआर कोड सेवा सुचारु गरेपछि उक्त मन्दिरमा नगद कारोबारलाई विस्थापित गर्दै डिजिटल भुक्तानीलाई प्रणाली प्रवर्द्धन गरिएको हो ।

नेपाल राष्ट्र बैंक पोखरा कार्यलयका प्रमुख डा रामशरण खरेलले नेपालको बैंकिङ क्षेत्रको आर्थिक कारोबारमा विद्युतीय माध्यममार्फत सरलता र सहजता आएको बताउनुभयो । उहाँले प्रभु बैंक र फोन-पेको संयुक्त पहलमा मुक्तिनाथ मन्दिर परिसर, बारागुङ मुक्ति क्षेत्रमा हुने भेटी दानको लागि नगदै बोक्नुपर्ने झन्झट हटेको बताउनुभयो । प्रभु बैंकका गण्डकी प्रदेश प्रमुख राजु रानाले बैंकले सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै ग्राहकलाई समय सापेक्ष नवीनतम् बैंकिङ सेवा प्रवाहमा कटिबद्ध रहेको बताउनुभयो । उहाँले अत्याधुनिक प्रविधिको उच्चतम प्रयोग गर्दै समग्र भक्तजनरुको चाहनालाई पहिलो प्राथमिकतासहित गुणस्तरीय एवं विश्वसनीय बैंकिङ सेवा उपलब्ध गराउँदै आएको बताउनुभयो । प्रायः मठमन्दिरमा चढ्ने भेटिका कारण नोटको आयु घट्ने गरेकाले नोट बचाउन पनि यो प्रविधिको प्रयोग उपयुक्त रहेको बैंकको बुझाइ छ ।

# ढुक्कले अझै खानेपानी पाइँदैन

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ जेठ**

बागलुङ नगरपालिका-६ का झण्डै एक दर्जन गाउँमा सधैं खानेपानीको समस्या रहन्छ । पानीको मुहान गाउँभन्दा झण्डै ६ किलोमिटर टाढा छ । बागलुङ नगरपालिका-७ तितौरे गाउँबाट पानी यहाँ ल्याइएको हो ।

एक्काइस वर्ष अघि सुरु भएको पानी ल्याउने काम केही वर्ष अघि पूरा भएको हो । गाउँमा पानी त आयो तर ढुक्का साथ गाग्री भर्न भने यहाँका सर्वसाधारणले अझै पाएका छैनन् । लामो दूरीमा पाइपलाइन भएकाले वर्षामा बाढी पहिरोले पटक पटक अवरुद्ध हुनेगरेको छ । हिउँदमा मुहान सुक्छ । असारदेखि फागुनसम्म पानीको समस्या कम हुन्छ । फागुनदेखि वैशाखसम्म खडेरीले निकै पिरोल्छ । "आकाशको पानी आउँदा मुहान सर्सिन्छन्, हामीले पानीको समस्या भोग्नुपर्दैन, तर बाढी पहिरोले भने अवरुद्ध हुन्छ", बागलुङ नगरपालिका-६ का मानबहादुर केसीले भन्नुभयो, "पहिलाभन्दा घर पनि बढेका छन्, पानी धेरै चाहिन्छ । पानीको मात्रा कम छ ।" वर्षा हुँदा खानेपानीको समस्या कम हुन्छ ।

यहाँ नजिकमा पानीका मुहान छैनन् । अधिकांश गाउँमा खानेपानीको समस्या छ । विसं २०५८ मा ६ किलोमिटर टाढा तितौरेबाट पानी ल्याउने काम सुरु भएको हो । विसं २०६४ मा मात्र गाउँमा पानी पुगेको केसी सम्झन्छन् । "ट्याङ्कीमा जम्मा गरेर घर घरमा पुगेका पाइपमा पानी बाँडेर काम चलाइएको छ, धारा बनाउन र पानी व्यवस्थित गर्न अझै बाँकी छ", उहाँले भन्नुभयो, "यसअघि वडाले पहिला पानी नभएका ठाउँमा काम गऱ्यो, जसोतसो चलेकै थियो, अब व्यवस्थित होस् ।" एक्काइस वर्ष अघि जडान भएको पानी ल्याउने पाइप सानो भएको र मुहान थप गरेर भएपनि बाह्रै महिना २४सैं घण्टा पानी आउने वातावरण हुनुपर्ने केसीजस्तै वडावासीको माग छ । यो मुहानको पानी यहाँका ४०० घरपरिवारले प्रयोग गर्ने गरेका छन् । बागलुङ नगरपालिका-६ का २५० परिवारलाई अझै पनि खानेपानीको समस्या छ । लाकुरीबोट, धारापानी, पैय्युपाटा, भान्साको छापलगायतका गाउँमा उपयुक्त मुहानको अभावमा घरघरमा पानी पुऱ्याउन समस्या रहेको वडाध्यक्ष रुद्रबहादुर केसीले बताउनुभयो । पुराना पँधेरा र कुँवाको भरमा खानेपानीको जोहो गरिँदै छ । ती पँधेरा र कुवासमेत सुक्खा समयमा सुक्ने भएकाले लिफ्टिङ प्रविधिबाट त्यहाँ पानी पुऱ्याउने योजना रहेको उहाँले सुनाउनुभयो । "बर्खाको समयमा खासै समस्या हुँदैन, हिउँदमा खडेरी परे मुहान सुक्छन् र समस्या निम्तिन्छ", केसीले भन्नुभयो । पानीको स्रोत थोरै र उपभोक्ता धेरै भएकाले खानेपानीको समस्या झेल्नुपरेको हो ।

सरकारले एक घर एक धारा कार्यक्रम सञ्चालन गरिरहेको भए पनि यहाँका सर्वसाधारण सबैको घरमा अझै धारा पुगेको छैन । "मौरीभिरको गाउँमा एउटै धाराबाट पाँच परिवारले पानीको जोहो गर्छन्", केसीले भन्नुभयो, "घरघरै धारा बनाउन त पानीको मुहान चाहियो ।" वडा नं ६ को भीरलाकुरी, लंगाउँ, तिनतलेलगायत ठाउँमा लिफ्टिङ प्रविधिबाट पानी पुऱ्याउने र बाँकी गाउँमा समेत उपयुक्त मुहानको खोजी गरेर समस्या समाधान गरिने वडाध्यक्ष केसीले बताउनुभयो ।

# धार्मिकस्थलमा पर्यटकको सङ्ख्यामा वृद्धि

**रासस**
**गलकोट, १९ जेठ**

बागलुङको बलेवास्थित कालभैरव मन्दिरमा पछिल्लो समय पर्यटकको चहलपहल बढ्दै गएको छ । कालभैरव पुग्न सडक कालोपत्र गरिएको छ भने कतिपय ठाउँमा सडकको स्तरोन्नतिसमेत गरिएको छ ।

सडकको पहुँचका कारण अहिले यहाँ पुग्ने धार्मिक पर्यटकको चाप थेगिनसक्नु भएको छ । जेठ लागेपछि मङ्गलबार र शनिबार यहाँ आउने धार्मिक पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । मनोकांक्षा पूरा हुने विश्वासका साथ मन्दिरमा बली चढाउनेको सङ्ख्या अत्यधिक छ । मनोकांक्षा पूरा भएपछि बोकाको बलि दिन कालभैरव पुग्नुभएका बागलुङ नगरपालिका-८ सिगानाका कर्ण कार्की यहाँ पुग्न पहिलाको जस्तो कठिनाइ भोग्नु नपरेको बताउनुहुन्छ । मुलुकका विभिन्न जिल्लाबाट तथा छिमेकी भारतबाट समेत उल्लेख्य सङ्ख्यामा यहाँ धार्मिक पर्यटक आउने गरेका छन् ।

केही समय अगाडिसम्म बागलुङमा आन्तरिक पर्यटकमात्रै पर्यटकीयस्थलमा पुग्थे । पछिल्लो समय यहाँका धार्मिक तथा पर्यटकीय क्षेत्रमा आन्तरिक मात्रै नभएर भारतीय पर्यटकसमेत आउन थालेका छन् । खासगरी कालभैरव, सिर्वसिद्धिधाम, पञ्चकोट, शालग्राम सङ्ग्रहालय, बागलुङ कालिका र लामो झोलुङ्गे पुलमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल देखिन थालेको छ । मुक्तिनाथ जाने भारतीय पर्यटकसमेत शालग्राम दर्शनका लागि बागलुङ नगरपालिका-४ कुडुँले आउने गरेका छन् ।

बागलुङ र पर्वत जोड्ने गरी निर्माण गरिएको ५६७ मिटर लामो पुलका कारण पनि मुक्तिनाथ जाने पर्यटक बागलुङ पस्न थालेको पाइएको छ । विगत वर्षको तुलनामा यस वर्ष बाह्य पर्यटक बागलुङ आउन थालेको शालग्राम सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नाचार्यले बताउनुभयो । "आन्तरिक पर्यटकको आकर्षण बढेको पाइयो", उहाँले भन्नुभयो, "अहिले त मुक्तिनाथ जाने भारतीय पर्यटक पनि आउन थाल्नु भएको छ ।"

शालग्रामको संरक्षण गर्ने र बागलुङलाई धार्मिक पर्यटकको हब बनाउने उद्देश्यले १०० मिटर सुरुङ निर्माण गरी सवा लाख शालग्राम संरक्षित गरिएको छ । सुरुङमा शालग्रामसँगै धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका वृत्तचित्र राखिएका छन् । यहाँ दामोदर कुण्डदेखि देवघाटसम्मको नक्सा कलात्मकशैलीले निर्माण गरिएको छ । शालग्राम सङ्ग्रहालयसँगै सोही स्थानमा मन्दिरसमेत निर्माण गरिएको छ । बागलुङसम्म आउने सडकको सहज पहुँच र यहाँ बनेको पर्यटकीय पूर्वाधारले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न मद्दत पुगेको प्रपन्नाचार्य बताउनुहुन्छ ।

# बजार नपाउँदा मौलिक सामग्री लोप हुँदै

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १९ जेठ**

म्याग्दीका ग्रामीण भेगमा पुर्ख्यौंदेखि चलनमा आएका मौलिक सामग्री हिजोआज हराउँदै गएका छन् । बजारमा प्लास्टिकका रेडिमेड सामग्री आउन थालेपछि गाउँमा बनाइएका डाला, नाङ्ला, थुन्से, भकारीजस्ता मौलिक सामग्रीको बिक्री हुन छोडेको छ ।

गाउँघरमासमेत यस्ता सामग्रीको प्रयोग गर्ने चलन घट्दै गएपछि रैथाने सीप र मौलिकता समेत हराउँदै जान थालेको स्थानीय जेठोपुस्ताका व्यक्तिले बताएका छन् । "केही वर्ष अगाडिसम्म ग्रामीण क्षेत्रमा डालो, नाङ्लोको प्रयोग निकै गरिन्थ्यो तर मौलिकतासँग जोडिएका यस्ता सामग्री अहिले प्रयोग कम हुँदै गएका छन्" बेनी नगरपालिका-२ का ८९ वर्षीय बेदप्रसाद उपाध्यायले बताउनुभयो । वर्षौंदेखि डालो, नाङ्लो बुन्ने र बिक्री गरी परिवार पाल्दै आएका पनि समस्यामा पर्न थालेका छन् । जेठो पुस्ताको सीप र ग्रामीण सौन्दर्यसमेत हराउँदै जान थालेकोमा स्थानीय बुढापाका चिन्तित देखिन्छन् । प्लास्टिकजन्य सामग्रीको बढ्दो प्रयोगले एकातिर वातावरणीय सन्तुलन समेत खल्बलिएको छ, भने अर्कोतर्फ रैथाने सीप पनि प्रयोगमा आउन नसक्दा सीपभएका स्थानीय पनि बेरोजगार बनेका मालिका गाउँपालिका- ३ का भीमबहादुर बुढाले बताउनुभयो । बुढाले वर्षौंदेखि डालो, नाङ्लो बुन्ने र बिक्री गरी घरपरिवार चलाउँदै आउनुभएको थियो । अहिले आफूले बनाएका सामग्रीले बजार पाउन छाडेपछि घरपरिवार चलाउन समस्या हुन थालेको उहाँले दुःखेसो पोख्नुभयो । केही वर्ष अगाडिसम्म निकै बिक्री हुने डाला, नाङ्ला, थुन्से र भकारीलगायतका सामग्रीको पछिल्लो समयमा लोकप्रियता कम हुँदै गएको उहाँको भनाइ छ । बजारमा नयाँ-नयाँ प्रविधिका नापतौलका सामग्रीहरू आएपछि आफूले बुनेका डाला, नाङ्लाले बजार पाउन छाडेको बुढा बताउनुहुन्छ । परम्परागत नापतौल गर्ने तुलोको रूपमा प्रयोग हुने मानापाथि आजकल किलो र लिटरमा परिवर्तन भएको उहाँको भनाइ छ । "दुई दशक अघिसम्म गाउँघरमा मात्रै होइन सहर बजारमा पनि अन्नपात किन्दा मानापाथीबाट तौलिने गर्थे, अहिले त सबै किलोको हिसाब हुन थाल्यो, यसले गर्दा पनि होला गाउँ घरमा उत्पादन हुने परम्परागत मानापाथिको प्रयोग हराउँदै गए" बेनी नगरपालिका ३ भकिम्लीका तीर्थबहादुर विकले भन्नुभयो, "अब त गाउँघरमा नाङ्ला, डाला बुन्ने मानिस पाइन छोडे, डोकोको प्रयोग हुँदै आएको छ, यही हिसाबले जाने हो भने त केही वर्षपछि गाउँमा डोको बुन्ने मानिस पनि पाइने छैनन् ।"

पछिल्लो समय एकातिर ग्रामीण मौलिक सामग्रीको प्रयोग कम हुँदै गएको छ भने अर्कोतर्फ कच्चापदार्थ समेत अभाव हुन थालेको उहाँहरूको गुनासो छ । "आजभोलि त पहिले-पहिलेको जस्तो चोया पनि प्रशस्त पाइँदैन, वनजंगल धाउनुपर्छ, चोया हुने हो भने दिनमा ५/७ वटा डोका बुन्न सकिन्छ" विकले भन्नुभयो ।

आफ्नो बाउ बाजेले बुनेको देखेर आफूले पनि सिकेको भन्दै अहिलेका युवा पुस्ताले यसप्रति चासो नदेखाएको उहाँले बताउनुभयो । आफूहरूको पुस्तापछि परम्परागत रूपमा बुनिँदै आएका डालो, नाङ्लो लोप हुनसक्ने उहाँको भनाइ छ । अहिले पनि गाउँका थोरै मान्छेले मात्रै बुन्ने गरेका छन् ।

"हामी पछिका मान्छेहरूले त अब यस्ता बुन्ने काम गर्दैनन् होला, अहिले कसैले पनि सिक्ने चासो देखाउँदैनन्, हामीले त सानैदेखि डोको, नाङ्लो, पाथी, डालो बुन्न सिक्ने गरेका थियौं" विकले भन्नुभयो । केही वर्षअघिसम्म फुर्सदको समयमा डालो, नाङ्ला बुनेर बिक्री गरेपनि वर्षमा डेढ दुई लाख आम्दानी गर्ने गरेको सम्झँदै विकले अहिले ती सबै कुराहरू सपनाजस्तै भएको सुनाउनुभयो ।

# सञ्चारमैत्री कानुन बनाउन सरकार प्रतिवद्ध : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश सरकार सञ्चार क्षेत्र मैत्री कानुन बनाउन प्रतिवद्ध रहेको बताउनुभएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज नेपाल पत्रकार महासङ्घको केन्द्रीय मिसन टोलीसँगको भेटमा उहाँले सरकारले संसदमा दर्ता गरेको आमसञ्चार विधेयकलाई सरोकारवालाहरुसँगको छलफलबाट परिमार्जन सहित सञ्चार क्षेत्रको भावना अनुसार अगाडि बढाउने प्रतिवद्धता जनाउनुभयो ।

उहाँले भन्नुभयो, "मिडिया क्षेत्रलाई कानुनी रुपमा अप्ठ्यारो पार्ने छैनौँ । हाम्रै कार्यकालमा सञ्चारमैत्री कानुन ल्याउँछौँ, पत्रकारलाई नियन्त्रण गर्ने काम सरकारबाट हुँदैन ।" मुख्यमन्त्री पोखरेलले सञ्चारकर्मीहरुको क्षमता विकास र पत्रकार महासङ्घको भवन लगायतका अन्य संरचना निर्माणमा र स्तरोन्नतिमा सरकारले सहयोग गर्दै आएकामा आगामी वर्षको बजेटमा समेत व्यवस्था गरिने बताउनुभयो ।

गण्डकी प्रदेश विधायन समितिका सभापति विष्णुप्रसाद लामिछानेले प्रदेशसभामा दर्ता भएको आमसञ्चार विधेयक विषयमा व्यापक रुपमा छलफल नगरी विधेयक अघि नबढाउने प्रतिवद्धता जनाउनुभयो । उहाँले सञ्चार क्षेत्रका सबै झन्झटिलो प्रक्रिया अन्त्य गर्नुपर्छ भन्नेमा आफू रहेको स्पष्ट पार्नुभयो ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय महासचिव रोशन पुरीले सरोकारवालाहरुसँग पर्याप्त छलफल र वहसपछि मात्रै प्रेस स्वतन्त्रता विरोधी बुँदाहरु हटाएर विधेयक अघि बढाउन आग्रह गर्नुभयो । विधेयकका कतिपय प्रावधानहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन हुने उहाँको भनाइ छ । महासचिव पुरीले प्रदेश सरकारले ल्याउने आगामी आर्थिक वर्षको बजेटमा पत्रकार स्वास्थ्य बिमा, महासंघका पूर्वाधार निर्माण लगायतलाई सम्बोधन गरी सञ्चार क्षेत्र मैत्री बनाउन समेत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

वैशाख ३० गतेको स्थानीय तह निर्वाचनमा सञ्चारकर्मीको भूमिका, पत्रकार आचारसंहिता, पत्रकारले निर्वाचनका समयमा भोग्नु परेका समस्या लगायतका जानकारी तथा आवश्यक सुझावका लागि महासङ्घको केन्द्रीय मिसन टोली पोखरा आएको महासङ्घका केन्द्रीय सदस्य त्रिभुवन पौडेलले जानकारी दिनुभयो । सो टोलीले बुधबार पत्रकार महासङ्घ गण्डकी र कास्की शाखाका पदाधिकारी लगायत सञ्चारकर्मीसँग छलफल गरेको थियो ।

# प्राविधिक शिक्षा पढ्नेलाई छात्रवृत्तिदेखि विपन्नको स्वास्थ्य बीमासम्म

– कृष्ण न्यौपाने

दमौली, १९ जेठ (रासस)

स्थानीय तह निर्वाचनबाट निर्वाचित तनहुँका १० वटै पालिकाका जनप्रतिनिधिले पदभार ग्रहण गरेर कामको सुरुआत गरेका छन् । पदभार ग्रहणसँगै जनप्रतिनिधिले सर्वसाधारणका लागि हित हुने खालका निर्णय गरेका छन् ।

भानु नगरपालिकाका नगरप्रमुख आनन्दराज त्रिपाठीले नगरभित्र सञ्चालित विद्यालयमा प्राविधिक शिक्षा अध्ययन गर्ने विपन्न र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने निर्णय गर्नुभएको छ । प्रत्येक वडाका एक छात्र र एक छात्रा गरी १३ वडाका २६ विद्यार्थीलाई वार्षिक रु ५० हजारका दरले छात्रवृत्ति प्रदान गरिने त्रिपाठीले बताउनुभयो । प्राविधिक शिक्षा आजको आवश्यकता भएकाले विपन्न विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउन उक्त निर्णय गरिएको नगरप्रमुख त्रिपाठीले जानकारी दिनुभयो । प्रत्येक वडा समितिले एक छात्र र एक छात्रालाई छात्रवृत्तिका लागि सिफारिस गर्ने नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख ध्रुवराज पौडेलले जानकारी दिनुभयो । सो नगरपालिकामा तीन प्राविधिक शिक्षालय सञ्चालित छन् । भानु-२ स्थित होमराज लोहनी शारदा शिक्षा सदन मावि, भानु-११ स्थित त्रिभुवन मावि र भानु-४ स्थित भानु संस्कृत माविमा प्राविधिक शिक्षा अध्ययन हुँदै आइरहेको छ । यी विद्यालयमा सिभिल इञ्जीनियरिङ, तीनवर्षे कृषि डिप्लोमा र १८ महिने बाली विज्ञान तथा कृषि विषयको टिएसएलसी सञ्चालनमा छन् ।

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले ज्येष्ठ नागरिक, दीर्घरोगीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने निर्णय गर्नुभएको छ । उहाँले गर्भवती महिला, ६० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई निःशुल्करूपमा एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गर्नुभएको हो ।

आकस्मिक बिरामी, दीर्घरोगी, असहाय, अशक्तलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने निर्णय गरिएको अध्यक्ष चुमानले बताउनुभयो । आवश्यक परेको खण्डमागाउँपालिकाअध्यक्षलेप्रयोग गर्ने सवारीसाधनलाई समेत बिरामी बोक्नका लागि प्रयोग गरिने उहाँले बताउनुभयो । गाउँपालिकासहित सबै वडा कार्यालयलाई सेवामैत्री बनाउन कार्यालयमा सेवा लिन जाने सेवाग्राहीलाई सफा, शुद्ध पानीको व्यवस्था गर्ने, प्रत्येक कार्यालयमा एक कर्मचार ीसहितको नागरिक सहायताकक्ष स्थापना गरिने चुमानले जानकारी दिनुभयो । चुमानले शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन, सडक तथा पूर्वाधार, कृषि, खेलकुदलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

म्याग्दे गाउँपालिकाले घरमा निःशुल्क नम्बर प्लेट राख्ने निर्णय गरेको छ । नवनिर्वाचित अध्यक्ष श्रीप्रसाद श्रेष्ठले पदभार ग्रहण गर्दै जीआइएसका आधारमा घर नम्बरिङका लागि निःशुल्क नम्बर प्लेट उपलब्ध गराउने निर्णय गर्नुभएको हो । गाउँपालिकाभित्रका घरको विवरण डिजिटल प्रविधिमा रुपान्तरणका लागि घर नक्सा कायम भएका घरलाई एकपटकका लागि नम्बर प्लेट निःशुल्क उपलब्ध गराउने निर्णय गरिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

यसैगरी उपाध्यक्ष बालकृष्ण घिमिरेले पदभार ग्रहण गर्दै प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्ने निर्णय गर्नुभएको छ । गाउँपालिकाभित्र हुने झैझगडाका घटना वडास्तरमै मिलाउन मेलमिलाप केन्द्र गठन गरिने घिमिरेले बताउनुभयो ।

घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले लिफ्ट प्रविधिबाट सञ्चालित खानेपानी योजनाको भुक्तानी गाउँपालिकाले व्यहोर्ने निर्णय गर्नुभएको छ । गाउँपालिकाले सञ्चालन गरेको 'एक घर, एक धारा' अभियान सफल बनाउन र सर्वसाधारणलाई राहत दिन उक्त निर्णय गरिएको थापाले बताउनुभयो । उहाँले खानेपानी, स्वास्थ्य तथा शिक्षालगायतका आधारभूत आवश्यतालाई प्राथमिकतामा राखेर काम गर्ने बताउनुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले विपन्न नगरवासीको निःशुल्क स्वास्थ्य बीमा गरिदिने निर्णय गर्नुभएको छ । सबैलाई स्वास्थ्यको पहुँचमा ल्याउन बीमा गर्न नसक्ने विपन्न नगरवासीलाई निःशुल्क स्वास्थ्य बीमा गरिदिने न्यौपानेले निर्णय गर्नुभएको छ ।

ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले गत वर्षको अविरल वर्षाका कारण आएको बाढी तथा पहिराबाट क्षति पुगेका घर निर्माण गर्ने निर्णय गर्नुभएको छ । त्यस्तै गाउँपालिकाको वडा नं ३ र ४ जोड्ने दिउलीखोलामा पक्की पुल निर्माणका लागि आवश्यक व्यवस्था गर्ने निर्णयसमेत श्रेष्ठले गर्नुभएको छ ।

# लाम्पाटा–दरबाङ सडक अलपत्र

पोखरापत्र संवाददाता

म्याग्दी, १९ जेठ

म्याग्दीको रणनीतिक महत्वको बेनी-दरबाङ सडक आयोजनाको तेस्रो खण्ड निर्माण अलपत्र परेको छ । निर्माण कम्पनीका व्यक्ति सम्पर्कविहीन हुँदा सर्वसाधारण जीर्ण, कच्ची, धुलाम्मे र हिलाम्मे सडकमा जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् ।

पूर्वाधार विकास कार्यालय म्याग्दीसँग मङ्गला गाउँपालिकाको लाम्पाटादेखि मालिकाको केन्द्र दरबाङसम्मको आठ किलोमिटर सडक कालोपत्र गर्न ठेक्का सम्झौता गरेको बिरुवा-क्याराभान जेभी एक महिनादेखि सम्पर्कविहीन अवस्थामा रहेको छ ।

२०७८ वैशाखदेखि मङ्सिरसम्म रोकिएको सडक निर्माणका लागि मुख्य ठेकेदारले हिमालयन विल्डर्सलाई सहायक ठेकेदारको रूपमा गत पुस महिनामा कार्यक्षेत्रमा परिचालन गरेका थिए । मूल ठेकेदारबाट भुक्तानी नपाउँदा सहायक ठेकेदार हिमालयन विल्डर्सले गत वैशाख अन्तिम सातादेखि काम छाडेपछि सडक निर्माण अलपत्र बनेको हो ।

पूर्वाधार विकास कार्यालय म्याग्दीका निमित्त प्रमुख गुरुदत्त अधिकारीले फोन र पत्रमार्फत ताकेता गरिए पनि बिरुवा-क्याराभानका प्रतिनिधिले काम सुचारु नगरेको बताउनुभयो । "निर्माण व्यवसायीलाई फोन र पत्रमार्फत ताकेता गरेका छौँ", उहाँले भन्नुभयो "मन्त्रालयमा जानकारी गराएर जमानत जफतका लागि बैंकमा पत्राचार गरिएको छ ।" विसं २०७६ जेठ ३१ गते रु २२ करोड ५७ लाख ९३२ मा ठेक्का सम्झौता भएको आयोजना २०७८ जेठमा निर्माण सक्नुपर्ने समयसीमा तोकिएको थियो । विसं २०७८ चैत महिनामा अन्तिम पटक थपिएको सम्झौताको म्याद सकिए पनि समय थपका लागि समेत ठेकेदारले प्रक्रिया अघि बढाएका छैनन् । हालसम्म करिब ५५ प्रतिशत भौतिक प्रगति भएको छ ।

सहायक ठेकेदारले रणवाङ र रातोढुङ्गा क्षेत्रमा पर्खाल निर्माण तथा बलौटेमा म्याग्दी नदी नियन्त्रणका लागि किनारमा पर्खाल बनाएका थिए । सो खण्डमा पर्ने बाङ्गेपहिरो क्षेत्र पहिरोग्रस्त र जोखियुक्त छ । अधुरो, अधकल्चो हिलाम्मे र धुलाम्मे सडकमा जोखिमपूर्ण यात्रा गर्नुपरेको मङ्गला गाउँपालिका-२ रणवाङका श्रीराम पौडेलले बताउनुभयो ।

"दुई तीन वटा ठेकेदार फेरिएका छन्, कसैले पनि काम पूरा गरेका छैनन्, अधकल्चो मात्रै बनाएर छाडेका छन्," उहाँले भन्नुभयो "पूर्वाधार विकास कार्यालय, प्रशासन र जनप्रतिनिधिमार्फत दबाब दिए पनि अटेरी गरेका देखिन्छ ।"

सडकमा थुपारिएको माटो, ढुङ्गा र खाल्डाखुल्डीले दुर्घटनाको जोखिम बढाएको छ । लथालिङ अवस्थामा रहेको सडकमा सवारीसाधन सञ्चालन गर्न निकै कठिनाइ भइरहेको यातायात व्यवसायी शक्ति छिनालले बताउनुभयो ।

मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडक पूर्वाधार विकास कार्यालयले तीन वटा प्याकेजमा स्तरोन्नति गरिरहेको छ । लामा-समानान्तर जेभीले ठेक्का लिएको बेनी-सिम खण्डको साढे १२ किलोमिटर दुरिको बेनीदेखि सिमखण्ड कालोपत्रको अन्तिम चरणमा पुगेको छ । बेनीदेखि तातोपानी सम्मको ९ किलोमिटर दुरिमा कालोपत्र गरिसकेको र तातोपानीदेखि सिमसम्मको सडकमा कालोपत्र गर्न थलिएका पूर्वाधार विकास कार्यालयका निमित्त प्रमुख अधिकारीले बताउनुभयो । विसं २०७४ असोज ४ गते रु ४५ करोडमा ठेक्का सम्झौता भएको यो सडक २०७६ माघ ४ गते निर्माण सक्ने लक्ष्य लिइएको थियो । सिमदेखि लाम्पाटा खण्डको चार किलोमिटर सडक कालोपत्र गर्न पुस १८ गते ओमबुद्ध निर्माण सेवा बसुन्धराले रु १० करोड ७० लाख २१ हजारमा ठेक्का सम्झौता गरेको थियो । १८ महिनाको ठेक्का अवधि भएको ओमबुद्धले पहिलो चरणमा सडक विस्तारको काम थालेको छ । सडकलाई आठ मिटर फराकिलो बनाएर, सात मिटर चौडाइमा डिबिएसडी कालोपत्र, नाली र पर्खाल निर्माण गर्न लागिएको हो । विसं २०६३ मा मार्ग खुलेको २४ किलोमिटर दुरीको बेनी-दरबाङ म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने एकमात्र मार्ग हो ।

यो सडक बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्दै आएका छन् ।

# बागलुङका स्थानीय तहमा बढ्यो बजेट

– खेमराज गौतम

बागलुङ, १९ जेठ

बागलुङका स्थानीय तहको बजेट रु ४७ करोडले बढेको छ । बागलुङ जिल्लाका १० स्थानीय तहका लागि सङ्घीय सरकारले आगमी वर्षका लागि रु ४७ करोड बजेट बढाएर पढाएको हो ।

चालू आवको तुलनामा आगमी आवका लागि नौ पालिकाको बजेट बढाइएको हो भने भने एक पालिकामा बजेट घटेको छ । जिल्लाको काठेखोला गाउँपालिकाको बाहेक सबै पालिकाको बजेट बढेर आउने भएको हो ।

आगमी आर्थिक वर्षका लागि सङ्घीय सरकारबाट वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान गरी रु चार अर्ब ३४ करोड ८१ लाख बजेट विनियोजन गरेको छ । जुन चालू आवको तुलनामा रु ४७ करोड बढी हो । बजेट बढेपछि यहाँका पालिकालेसमेत बजेट बढाएर योजना तथा कार्यक्रम ल्याउने योजनामा जुटेका छन् । सङ्घीय मात्रै हैन प्रदेशको बजेटसमेत चालू वर्षको तुलनामा बढेर आउने देखिन्छ । यस्तै स्थानीय तहलेसमेत आन्तरिक आम्दानीलाई बढाउँदै गएका छन् । उनीहरूले करको दायरा बढाउँदै आन्तरिक आम्दानी बढाउँदा बागलुङका पालिकाको बजेट उकालो लाग्ने देखिन्छ । जिल्लाका चार नगरपालिका र ६ गाउँपालिकालाई सङ्घीय सरकारले आर्थिक वर्ष २०७९/८० का लागि बजेटको बाँडफाँट गर्दा चालू आवको तुलनामा आगामी आवको बजेट बढाइएको हो । चालू आवका लागि सङ्घीय सरकारबाट यहाँका दश स्थानीय तहलाई रु तीन अर्ब ८७ करोड ७५ लाख बजेट प्राप्त भएको थियो ।

यस्तै आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारले बागलुङलाई रु तीन अर्ब ५७ करोड ९८ लाख बजेट विनियोजित गरेको थियो । जिल्ला आउने सङ्घीय सरकारको बजेट विस्तारै बढेर आउन थालेको देखिन्छ । बागलुङ नगरको सबैभन्दा बढी रु १० करोड बजेट चालूको तुलनामा बढेर आएको छ । स्थानीय तहले सङ्घीय बजेट आइसेपछि प्रदेशको बजेटमा योजना छनोट र प्रदेशले बजेट विनियोजन गरेपछि आफ्नो बजेट निर्माणमा जुट्ने छन् । अहिले पालिकाले वडा तहबाटै टोल भेला गरेर बजेटका लागि योजना तथा कार्यक्रम माग्दै आएका छन् । बागलुङका लागि चालु आवको बजेटभन्दा आगामी आवका लागि रु ४७ करोड ६ लाख बजेट बढेर आएको अर्थ मन्त्रालयले जनाएको छ । उक्त नगरलाई आगामी आवका लागि रु ८५ करोड २५ लाख बजेट विनियोजन गरिएको हो । बागलुङमा चालू आवमा सङ्घीय सरकारको बजेट रु ७४ करोड ७२ लाख बजेट प्राप्त भएको थियो । चालू आवको तुलनामा आगामी आवमा बागलुङको बजेट रु १० करोड ५३ लाख बढी बजेट बिनियोजन भएको छ । यस्तै गलकोट नगरपालिकालाई आगामी आवका लागि रु ५१ करोड एक लाख बजेट विनियोजन भएको छ । उक्त नगरका लागि चालू आवमा रु ४७ करोड ४८ लाख बजेट विनियोजन भएको थियो । चालू आवको तुलनामा गलकोटको बजेट रु चार करोड ३७ लाख बढेर बजेट बढाइएको हो । यस्तै जैमिनी नगरमा आगामी आवका लागि रु ५२ करोड २४ लाख बजेट बिनियोजन भएको छ । उक्त नगरमा चालू आवमा सङ्घीय सरकारबाट रु ४९ करोड ५७ लाख प्राप्त भएको थियो । आगामी आवमा सङ्घीय सरकारबाट यस नगरलाई रु दुई करोड ६७ लाख बजेट बढेको हो । त्यस्तै ढोरपाटन नगरमा आगामी आवका लागि रु ३७ करोड एक लाख बजेट विनियोजन भएको छ । चालू आवमा सोही पालिकामा रु ३२ करोड ७० लाख विनियोजन भएको थियो । जुन गत वर्षको तुलनामा रु चार करोड ३१ लाख रकम बढी हो ।

यसैगरि काठेखोला गाउँपालिकालाई आगामी आवका लागि रु ३९ करोड ७६ लाख बजेट विनियोजन भएको छ । उक्त पालिकाको चालू आवमा सङ्घीय सरकारले रु ४१ करोड ५८ बजेट विनियोजन गरेको छ । यस गाउँपालिकामा चालू आवको तुलनामा आगामी आवमा रु एक करोड ८२ लाख बजेट घटेर आएको छ । यस्तै बडिगाड गाउँपालिकालाई आगामी वर्षका लागि रु ४८ करोड चार लाख बजेट विनियोजन भएको छ । यसलाई चालू आवमा रु ४४ करोड ६ लाख बजेट बिनियोजन भएको थियो । चालू आवको तुलनामा उक्त गाउँपालिकाको आगामी बजेट रु तीन करोड ८० लाख बजेट बढेको हो । यस्तै निसीखोला गाउँपालिकालाई आगामी आवमा रु ३३ करोड १२ लाख बजेट विनियोजन भएको छ । यहाँ चालू आवमा रु २८ करोड ८३ लाख बजेट आएको थियो । चालूको तुलनामा आगामी वर्षको बजेटमा रु चार करोड २९ लाख बढी बजेट प्राप्त भएको छ । बरेङ गाउँपालिकालाई आगामी वर्षका लागि रु ३० करोड पाँच लाख बजेट प्राप्त हुने भएको छ । उक्त पालिकाको चालू आवमा रु २५ करोड ९८ लाख बजेट प्राप्त भएको थियो । चालू आवको तुलनामा आगामी बर्ष यस गाउँपालिकाको बजेट रु चार करोड सात लाख बजेट बढ्ने भएको हो ।

यस्तै ताराखोला गाउँपालिकालाई आगामी वर्षका लागि रु २६ करोड ४३ लाख र तमानखोला गाउँपालिकालाई रु २१ करोड ९० लाख बजेट विनियोजन गरिएको छ । चालू आवमा ताराखोलालाई रु २४ करोड ९२ लाख र तमानखोलालाई रु १७ करोड ९१ लाख बजेट विनियोजन भएको थियो । चालू आवको तुलनामा आगामी आवमा ताराखोलाको र तमानखोला गाउँपालिकाको बजेट बढाएको छ । ताराखोलामा चालू बजेटको तुलनामा रु एक करोड ५१ लाख बजेट बढेको हो भने तमानखोलाको बजेट रु तीन करोड ९९ लाख बढेर आउने भएको छ । पालिकाले उक्त बजेटमा प्रदेशले दिएको बजेट थपेर स्थानीय आम्दानीलाई जोडेर बजेट बनाउने छन् ।

# मनाङमा ५० प्रतिशत पुस्तक आइपुग्यो

– नवीन लामिछाने

मनाङ, १९ जेठ

यस वर्षको शैक्षिक सत्र सुरु भएको तीन हप्ता बढी भएको छ । तर सामुदायिक विद्यालयका विद्यार्थीको हातहातमा पाठ्यक्रमअनुसारका सबै पुस्तक पुग्न सकेको छैन ।

विद्यालय तहका कक्षा ४ देखि कक्षा १० सम्मको पुस्तक छपाइ एवं वितरणको जिम्मा पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समयमै छपाइ तथा वितरण गर्न नसक्दा देशभर सबै पुस्तक अभाव भएको हो ।

हिमाली जिल्ला मनाङमा शैक्षिक सत्र सुरु भएको तीन साता बढी हुँदा ५० प्रतिशत मात्रै पुस्तक आइपुगेको शिक्षा विकास तथा समन्वय एकाई मनाङका प्रमुख मतिलाल चपाईंले जानकारी दिनुभयो । "जिल्लामा आवश्यक पुस्तक समयमा आउनै मुस्किल छ, विगतमा जस्तो जिल्लाका माथिल्लो मनाङ र तल्लो मनाङमा फरक-फरक गरी शैक्षिक सत्र सुरु हुने भए पनि यसवर्ष एक साथ सञ्चालन गरिएको छ । पुस्तक अभावले भने पठनपाठनमा समस्या सिर्जना भएको छ," चपाईंले भन्नुभयो ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समयमा नै सबै पुस्तक छपाइ भ्याएर प्रत्येक जिल्लामा आउनुपर्ने भए पनि समयमा पूरा नगर्दा त्यसको असर प्रत्यक्ष रूपमा बालबालिकाको भविष्यमाथि परेको उहाँ बताउनुहुन्छ । "सबै विद्यार्थी एउटै श्रेणीका हुँदैनन् । केहीलाई पुस्तकबिना बुझाउनै मुस्किल छ । तर, पुस्तक अभावले बालबालिकाको शिक्षण सिकाइमा असर परेको छ," उहाँले भन्नुभयो, "तेस्रो हप्ता बढी भैसक्दा बल्ल ५० प्रतिशत पुस्तक जिल्लामा आइपुगेको छ । पूरै आउन अझै समय लाग्ने अवस्था देखिएको छ ।" सरकारले कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक छाप्ने जिम्मा निजी क्षेत्रलाई दिएपछि जनक शिक्षाले कक्षा ४ देखि १० सम्मको पाठ्यपुस्तक छाप्दै आएको छ । जनक शिक्षाले अझै ३३ लाख थान पुस्तक छाप्ने बाँकी रहेको जनाएको छ । चालू शैक्षिक सत्रका लागि आवश्यक एक करोड ९८ लाख थान पुस्तक छाप्नुपर्नेमा अहिलेसम्म एक करोड ६५ लाख थान मात्रै पुस्तक छापिएको केन्द्रले जनाएको छ । जनक शिक्षाले विद्यालय तहको ८५ प्रतिशत पुस्तक छपाइ सम्पन्न गरेको र १५ प्रतिशत छपाइ भइरहेको जनाएको छ । यस वर्षको शैक्षिक सत्रलाई जनक शिक्षाले एक करोड ९८ लाख थान पुस्तक छाप्नुपर्ने हो । अहिलेसम्म एक करोड ६५ लाख थान पुस्तक छपाइ सम्पन्न भएर वितरण गरेको जनाउँदै आएको छ । बाँकी पुस्तक असार पहिलो हप्तासम्म छपाइ सक्ने र अबको एक महिनाभित्र नै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउने जनक शिक्षाले जनाएको छ ।

केन्द्र बिक्रेतामार्फत ७७ वटै जिल्लामा पुस्तक वितरण सुरु गरिसकेको जनाएको छ । काठमाडौं उपत्यकाभन्दा बाहिर हिमाली तथा पहाडी जिल्लालाई प्राथमिकतामा राखेर पुस्तक वितरण गरेको बताउँदै आएको छ । बाहिरी जिल्लामा अपुग भएको पुस्तक दैनिक एक/दुई ट्रक पठाइरहेको पनि जनाएको छ । सबै पुस्तक जिल्लामा आइनपुगेको र केही थान आएकाले पठनपाठनलाई विभिन्न माध्यमबाट विद्यार्थीलाई पठनपाठनमा सहज बनाउने प्रयासमा लागिरहेको लोकप्रिय माध्यमिक विद्यालय चामेका प्रधानाध्यापक कृष्णदास कोइरालाले बताउनुभयो । विद्यालय आए पनि पुस्तक सबै विषयका पुस्तक आइनपुग्दा पठनपाठनमा सकस भएको कोइरालाले बताउनुभयो । उहाँका अनुसार पुस्तकका पाठ डाउनलोड गरी सम्भव भएसम्म विद्यार्थीलाई 'हेन्सआउट' दिएर पठनपाठन हुँदै आएको छ । "टपिक्स डाउनलोड गर्ने र फोटोकपि गरेर पठनपाठनलाई अगाडि बढाएका छौँ, महाविपत्तिले त्रास नै त्रासमा पठनपाठन गराइरहेको अवस्थामा पाठ्पुस्तकको अभावले समस्या थपिएको छ," कोइरालाले भन्नुभयो । लोकप्रिय माध्यमिक विद्यालय कक्षा १० मा अध्ययनरत छात्रा सरिता गुरुङ पाठ्यपुस्तक नपाउँदा पुस्तक हेरेर होमवर्क गर्न समस्या भएको बताउनुहुन्छ । शिक्षकले सिकाएका सबै दिमागमा लिन नसकेको अवस्थामा किताब हेर्न नपाएर सिके पनि सहज भने नभएको उहाँ बताउनुहुन्छ ।

"हाम्रो त किताब हेरेर पढ्ने बानी छ नि ! किताब हेर्ने बानीले किताबबिना त पढेको र बुझेको जस्तो नै लाग्दैन । केही किताब आएको छ । अब विस्तारै सजिलो बन्छ होला" उहाँले भन्नुभयो । उहाँका अनुसार शिक्षकले दिएका गृहकार्य गर्ने क्रममा पुस्तक हेर्न नपाउँदा समस्या हुन्छ ।

# तारा एयरको पोखरा–जोमसोम उडान एक हप्ताका लागि स्थगित

रासस

काठमाडौं, १९ जेठ

यती एयरलाइन्सको भगिनी संस्था तारा एयरले पोखरा-जोमसोम उडान एक हप्ताका लागि स्थगित भएको जनाएको छ ।

एयरलाइन्सले बिहीबार एक विज्ञप्ति जारी गरी भोलि जेठ २० गतेदेखि २७ गतेसम्मका लागि पोखरा-जोमसोम-पोखराका नियमित उडान स्थगित गर्ने निर्णय गरेको हो । यती एयरलाइन्सका प्रवक्ता एवं हवाई सुरक्षा प्रमुख सुदर्शन वर्तौलाले तारा एयरले विशेष कारणबस पोखरा-मुस्ताङको टिकट बन्द गर्ने निर्णय गरेको राससलाई जानकारी दिनुभयो । यस्तै यती एयरलाइन्सका बिहीबारका लागि काठमाडौँबाट पाँच र नेपालगञ्जबाट हुने पाँच उडान रद्द भएका छन् । उडान गन्तव्यमा हुने मौसम राम्रै भए पनि इनरूटको मौसम दिने मौसम विभागले जानकारी दिन नसक्दा आजका सबै उडान रद्द भएको प्रवक्ता बर्तौलाले बताउनुभयो । चार दिन पहिला पोखराबाट मुस्ताङतर्फ उडेको तारा एयरको जहाज मुस्ताङको थासाङ गाउँपालिका-२ सानुसरेमा दुर्घटना भएको थियो । दुर्घटनामा चालकदलका सदस्यसहित विमानमा सवार सबै २२ जनाको निधन भएको थियो ।

पासपोर्ट हरायो

यहि मिति २०७९/१/१० गते बिरौटा बाट छोरेपाटन जाँदै गर्दा निम्न व्यहोराको पासपोर्ट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध छ।

नाम: सुजता कुमारी रानाभाट
पासपोर्ट नं.: PAO191371
ठेगाना : पदाले, फेदीखोला-३, स्याङ्जा
सम्पर्क नं. 9856064646